# यातना तथा जबर्जस्तीपूर्ण बालश्रम: नेपालले मानवाधिकार उल्लङ्घन गरेको राष्ट्रसंघीय बिज्ञको निष्कर्ष

जेनेभा (XX अगस्ट २०१९) - नेपालले यातना तथा जबर्जस्ती लगाइएको श्रमबाट पिडित व्यक्तिहरुले उजुरी दर्ता गर्ने सम्बन्धमा रहेका सम्पूर्ण अबरोधहरु हटाउन आवस्यक भएको संयुक्त राष्ट्रसंघको मानव अधिकार समितिले आज जेनेभामा प्रकाशित आफ्नो निर्णयमा बताएको छ।

*(निर्णयको पूर्णपाठ अनलाइनमा उपलब्ध छ।)*

नौ वर्षको उमेर देखि काठमाडौँमा घरेलु कामदारका रुपमा श्रममा लगाइएका भोली फरका (छद्म नाम) नाम गरेका जनजाति समुदायका एक व्यक्तिको वैयक्तिक उजुरीको जवाफमा समितिको उक्त निर्णय आएको हो। उनलाई दैनिक बिहान ४ देखि राति १० बजे सम्म काम गर्न बाध्य परिएको थियो; बिद्यालय जान दिइएको थिएन र उनले श्रमको ज्याला पनि कहिलै पाएनन। उनलाई शारीरिक र मनोबैज्ञानिक रुपमा प्रताडित गरियो। दुईवर्ष पछि उनी त्यहाँबाट भागे तर केहि समय पछि नै उनका पूर्वमालिकले उनलाई चोरीको झुठ्ठा आरोप लगाएपछि उनी पक्राउ परे र प्रहरीको सोधपुछका क्रममा यातना भोगे।

पिडित तथा उनका परिवारले उजुरी दर्ता गर्ने पटक-पटकको असफल प्रयास पछि एक स्वीस गैरसरकारी संस्था (ट्रायल इन्टरनेसनल) मार्फत उनको मुद्दा मानव अधिकार समितिसमक्ष पुग्यो जसले उक्त उजुरीलाई अन्तर्राष्ट्रिय स्तरमा लग्न उनलाई मद्दत गर्यो।

मानवाधिकार हननबाट पिडित भइ आफ्नो देशमा न्यायबाट बन्चित व्यक्तिहरुको उजुरीको समिक्षा गर्ने कार्यादेश मानव अधिकार समितिको रहेको छ। समितिले आफ्नो निर्णयमा नेपालले नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धिका कैयन प्रावधानहरु उलंघन गरेको पाइएको भन्दै आफ्ना कानुन तथा हदम्याद सम्बन्धि प्रावधानहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संशोधन गर्नुपर्ने तथा यातना र दासत्वलाई अपराधको दायरामा ल्याउन र त्यस्ता अपराधहरुको गाम्भीर्यता अनुरुपका प्रतिबन्ध एवं उपचारात्मक बिधि अपनाउन नेपाललाई आग्रह गरेको छ।

समिति सदस्य हेलेन टिग्रडजाले भन्नु भयो - "बाल्यकालमा यातना र जबर्जस्ती श्रम भोग्नु पर्दा कसैको जीवन बर्बाद हुन पुग्छ। पिडितहरुका लागि न्यायमा पहुँच तथा जवाफदेहिता आवस्यक हुन्छ जसका कारण उनीहरु फेरि आफ्नो जिन्दगी निर्माण गर्न र स्वाभिमान कायम गर्न सकुन। हामी आशा गर्छौं कि नेपालले यस्ता घटनाका पिडितले आफ्नो जीवन पुन: सम्हाल्नका लागि मद्दत पुग्ने संरक्षणका सबै आवस्यक कदम चाल्ने छ।"

आफ्नो निर्णयमा समितिले यो अवस्थालाई सम्बोधन गर्न अबलम्बन गरेका उपायहरु बारे १८० दिनभित्र बिवरण प्रेषित गर्न नेपाललाई आग्रह गरेको छ।

***

**पृष्ठभूमि**

*मानव अधिकार समितिले आजसम्म कायम १७३ राज्यपक्षहरुद्वारा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि पालनाको अनुगमन गर्दछ । १८ सदस्यीय समितिमा विश्वभरबाट छानिएका स्वतन्त्र मानवाधिकार बिज्ञ रहन्छन जो राज्यपक्षको प्रतिनिधिको रुपमा नभई व्यक्तिगत हैसियतमा काम गर्छन ।*

*११६ राज्यपक्षहरु रहेको यसको ऐच्छिक सन्धिपत्रले राज्यपक्षद्वारा भएका मानवाधिकार हननको बिरुद्ध वैयक्तिक रुपमा उजुरी दिन सक्ने अधिकार स्थापित गर्दछ । ऐच्छिक सन्धिपत्रले राज्यपक्षहरुलाई समितिले दिएको रायमा असल नियतपूर्वक पालना गर्ने अन्तर्राष्ट्रिय कानूनी दायित्व लागू गर्दछ । समितिमा वैयक्तिक उजुरी गर्ने प्रक्रिया सम्बन्धि जानकारीका लागि:*

*सन्धि निकाय प्रणाली र मानव अधिकार समितिबारे भिडियो मार्फत थप कुरा थाहा पाउनुहोस्:*

*मिडियासम्बन्धि कुनै अनुरोध भएमा जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार मिडिया शाखाको सम्पर्क:*
*+४१ २२ ९१७ ९३१०/media@ohchr.org*

*संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयसंग सामाजिक संजालमा जोडिनका लागि:*
*ट्वीटर @UNHumanRights, फेसबुक @unitednationshumanrights र इन्स्टाग्राम @unitednationshumanrights*